जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २५७ २०८० साल जेठ ३ गते बुधबार (17 May 2023 Wednesday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : नक्कली भूटानी शरणार्थी प्रकरणका ३ पृष्ठमा : नक्कली भूटानी शरणार्थी प्रकरणमा ... ३ पृष्ठमाआईएमएफद्वारा आर्थिक सुधार.

## जेष्ठ नागरिकले ६ रुँपैया २५ पैसा तथा अन्यले २५ रुँपैया मै रोगको परिक्षण गर्न पाउने



**दैनिक समाचारदाता**
**राजविराज, २ जेठ ।**

राजविराजमा जेष्ठ नागरिकले ६ रुँपैया २५ पैसा मै तथा अन्यले २५ रुँपैया मै विभिन्न रोगको परिक्षण गर्न पाउने भएका छन् ।

मधेश प्रदेश सरकार र राजविराज नगरपालिकाद्वारा संयुक्त लगानी र सहकार्यमा मंगलबारदेखी "राजविराज जनस्वास्थ्य प्रयोगशाला" को शुभारम्भ भएको छ ।

प्रयोगशालामा जेष्ठ नागरिकका लागि सबै प्रकारका जाँचमा ७५ प्रतिशत छुट दिइने प्रयोगशालाकी इन्चार्ज नितु देवले जानकारी दिएकी छिन् । डेंगु, मलेरिया र एचआइभी एड्सको निशुल्क परिक्षण गरिनुका साथै विभिन्न ६२ प्रकारका रोगहरुको परिक्षण हुने उनले बताइन् ।

*बाँकी दुई पृष्ठमा*

## अयोग्य लडाकुलाई दुई लाख दिने निर्णय कार्यान्वयन नगर्न आदेश

काठमाडौँ, २ जेठ (रासस) ।

सर्वोच्च अदालतले अयोग्य लडाकुलाई रु दुई/दुई लाख दिने सरकारको निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको छ ।

न्यायाधीश कुमार रेग्मीको एक इजलासले मंगलबार उक्त विषयमा सरकारको निर्णय कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश गरेको हो । अधिवक्ता ज्ञानेन्द्र आरणसहितले अयोग्य लडाकुलाई जनही रु दुई लाख दिने निर्णय कार्यान्वयन नगर्न आदेशको माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गर्नुभएको थियो ।

उक्त रिट निवेदनमाथिको प्रारम्भिक सुनुवाइपछि अदालतले रकम दिने निर्णय कार्यान्वयन नगर्न आदेश गरेको हो । अदालतले लिखित जवाफ माग गर्दै दुवै पक्षलाई छलफलमा बोलाउने आदेश गरेको छ ।

स्था. २०५७

सहकारी ऐन २०४८ अन्तर्गत स्थापित

सहकारी बिभाग दर्ता न.१२०।०५७५८

**जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड**

राजविराज–४,सप्तरी

मिति : २०८०/०२/०३

**धितोमा रहेको अचल सम्पती लिलाम बिकीका लागी डाँक बढाबढ स्थगित भएको सुचना ।**

जनमुखी बहुउद्देश्यीय सहकारी संस्था लि. राजबिराज–४,सप्तरी ले ऋण असुली प्रकिया अन्तर्गत राजबिराज बाट प्रकाशित हुने राजबिराज दैनिक को बर्ष ३२ अंक २२४ , २०७९ चैत्र २४ गते प्रकाशित सुचना अनुसार मिति २०८० जेठ ४ गते दिनको १० बजे देखी बेलुका ५ बजे सम्म धितो लिलाम बिकी का लागी डाँक बढाबढ हुने भनिएकोमा हाल केही दिनका लागी उक्त लिलाम डाक बढाबढ कार्य स्थगित भएको व्यहोरा सबैमा जानकारी गराईन्छ । पुन: अर्को सुचना प्रकाशित गराई उक्त लिलाम डाँक बढाबढ बारे जानकारी गराईनेछ ।

व्यबस्थापक

व्यवस्थापक
ज.ब.स.सं.लि.

## २१ वर्षअघि नेपाली क्रिकेटले गुमाएको एसिया कप यसपाली खेल्ने



सन् २००२ मा मलेशियालाई २५ रनले पराजित गर्दै नेपालले फाइनलमा प्रवेश पाएसँगै पहिलो पटक एशिया कपको लागि छनोट भएको बेलाको तस्बिर । *तस्बिर : सौजन्य, राजकुमार दास*

**चन्दन यादव**
**राजविराज, २ जेठ ।**

नेपाली क्रिकेट टोलीले २१ बर्षअघि गुमाएको एसिया कप यसपाली खेल्ने भएको छ । एसिसी प्रिमियर कपमा युएईलाई पराजित गर्दै उपाधी माथि कब्जा गरेपछि नेपाल सिधै एसिया कप खेल्ने सपना पूरा भएको हो ।

एशिया कपमा नेपाली टोलीले भारत र पाकिस्तानजस्ता शक्तिशाली टोलीसँग खेल्ने अवसर पाउने भएको छ । सन् २००२ मा मलेशियालाई २५ रनले पराजित गर्दै नेपालले फाइनलमा प्रवेश पाएसँगै पहिलो पटक एशिया कपको लागि छनोट भएको थियो ।

तर, त्यतिबेला प्राविधिक कारणले सो प्रतियोगिता स्थगित हुन पुगेको थियो । त्यति बेला एसीसी ट्रफीका शीर्ष दुई टोली एशिया कपमा छनोट हुने प्रावधान थियो ।

फाइनलमा यूएईसँग ६ विकेटले हारे पनि नेपालले त्यसअघि नै विजयोत्सव मनाइसकेको थियो । सिंगापुरमा आयोजित एसिसी ट्रफी क्रिकेट प्रतियोगिता २०५९ मा उपबिजेता नेपाली टोलीलाई नेपाल सरकारले बधाई ज्ञापन कार्यक्रमको आयोजना गरेको थियो ।

तत्कालिन टोलीका सहायक प्रशिक्षक राजकुमार दासले भने, "त्यतीवेला सप्तरीबाट म सँगै टोलीका सदस्यमा दिपेन्द्र चौधरी र महबुव आलम पूर्वाञ्चलबाट ९ जनाले प्रतिनिधित्व गरेका थिए ।"

अन्तर्राष्ट्रिय क्रिकेटमा पाइला चालेको ६ वर्षमै नेपालले अत्यन्तै ठूलो उपलब्धि हात पारेको थियो । यो सफलतापछि नेपाली क्रिकेटप्रेमीहरू निकै हर्षित भएका थिए । नेपाल क्रिकेट संघका तत्कालीन उपाध्यक्ष श्रीहर्ष कोइराला नेपाली टोलीका प्रबन्धक थिए । वास्तवमा त्यति बेलासम्म अहिलेको जस्तो नेपाली क्रिकेट टोलीको त्यति ठूलो चर्चा थिएन । तर सिङ्गापुरबाट फर्किएपछि

*बाँकी दुई पृष्ठमा*

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**राजविराज नगरपालिका, सप्तरी**

## नीति कार्यक्रम पेस गर्नेबारे सभामुखलाई जानकारी

काठमाडौँ, २ जेठ (रासस)।

प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र सभामुख देवराज घिमिरेबीच भेटवार्ता भएको छ। प्रधानमन्त्री निवास बालुवाटारमा भएको भेटमा सदनको कामकारबाहीलाई प्रभावकारी बनाउने विषयमा छलफल भएको थियो।

भेटमा प्रधानमन्त्री दाहालले यही जेठ ५ गते सङ्घीय संसद्को संयुक्त बैठकमा सरकारका तर्फबाट नीति तथा कार्यक्रम पेस गर्ने तयारी भएको जानकारी गराउनुभएको थियो। प्रधानमन्त्रीले मंगलबारदेखि समितिको बैठक बसेकामा खुसी व्यक्त गर्नुभएको थियो।

सो क्रममा उहाँले सदनमा पेस भएका विधेयकलाई प्रक्रियागत रूपमा अगाडि बढाउन सभामुखले भूमिका निर्वाह गर्ने अपेक्षा गरेको बताउनुभएको प्रधानमन्त्री दाहालको सचिवालयले जनाएको छ।

---

### *२१ वर्षअघि नेपाली...*

खेलाडीहरूले नसोचेको सम्मान पाए।

सुन्धाराको एउटा पसलले बोलाएर खेलाडीहरूलाई शर्ट र पाइन्ट उपहार दिएको उनले सुनाए। त्यसपछि आ-आफ्ना जिल्लामा खेलाडीहरूले सम्मान र स्वागत पनि पाए। बीअर उत्पादन गर्ने काठमाण्डुस्थित एउटा पाँचतारे होटलमा कार्यक्रम आयोजना गर्दै प्रत्येक खेलाडीलाई १०/१० हजार नगद रुपैयाँ पुरस्कारसहित सम्मान गरिएको तत्कालिन सहायक प्रशिक्षक दासले सुनाए।

क्रिकेट टोलीका सदस्य सञ्जम रेग्मी भन्छन्, "त्यति बेला खेलाडीहरूले पाएको त्यो रकम निकै ठूलो थियो। मैले पाएको रकम होटलमा खसाएको भेटेपछि सम्मानमा आएका नायक राजेश हमालले मलाई फर्काए।"

श्रीलङ्काली प्रशिक्षक रोय डायस नेपाली टोली सम्हाल्न आएका थिए। कीर्तिपुर मैदानमा पनि सुविधा थपिने क्रममै थियो। यस्तो टोलीले एकै पटक भारत, पाकिस्तान र श्रीलङ्काजस्ता टेस्ट राष्ट्रसँग खेल्न लागेको थियो। खेलाडीहरू अचम्मको अनुभूति गरिरहेका थिए। राजु खड्काको नेतृत्वमा रहेको नेपाली टोलीमा त्यति बेला परेश लोहनी उपकप्तान थिए। महबुब आलम र विनोद दास प्रमुख बलर थिए भने स्पिनको जिम्मा सञ्जम रेग्मी, शक्ति गौचन र राजकुमार प्रधानको काँधमा थियो।

अन्य खेलाडीहरूमा वरदान चालिसे, दीपेन्द्र चौधरी, मञ्जित श्रेष्ठ, मनोज कटुवाल, गणेश शाही, लाक्पा लामा थिए। टोलीको व्यवस्थापक श्रीहर्ष कोइराला थिए भने सहायक व्यवस्थापक रणबहादुर बम थिए। त्यस्तै मुख्य प्रशिक्षक रोय डायस थिए भने सहायक प्रशिक्षक राजकुमार दास थिए।

यसपालिको एशिया कप पाकिस्तानमा हुन लागेको छ। भारत र पाकिस्तानबीच विद्यमान द्वन्द्वका कारण एशिया कप फेरि पनि प्रभावित हुने हो कि र कतै नेपालले फेरि एशिया कप खेल्ने अवसरबाट वञ्चित हुने हो कि भन्ने डर बढेको छ।

आयोजक पाकिस्तानमा गएर नखेल्ने भारतको घोषणा र त्यसपछि न्यूट्रल भेन्यु अर्थात् तटस्थ मैदानमा भारतको खेल खेलाउने विकल्पबारे पनि अहिलेसम्म सहमति जुट्न नसकेको खबरहरू सार्वजनिक भएका छन्। प्रतियोगिता नै रद्द हुनेसम्मको चर्चा पनि चलिरहेको छ।

नेपालको हकमा एशिया कपको ठूलो महत्व छ। अहिलेको नेपाली राष्ट्रिय टोली सन् २००२ जस्तो कमजोर छैन। यो सशक्त छ र विश्व क्रिकेटमा नयाँ सफलतातिर अग्रसर देखिन्छ। नेपाल क्रिकेटका कतिपय पदाधिकारीहरूका अनुसार 'एशिया कप होस् वा अर्को नयाँ प्रतियोगिता, नेपालको सहभागिता भने पक्कै हुने छ।'

---

# नक्कली भूटानी शरणार्थी प्रकरणका मूल दोषीलाई कारबाहीको मागसहित देशव्यापी अभियान

काठमाडौँ, २ जेठ (रासस)।

मानव अधिकार तथा शान्ति समाजले नक्कली भूटानी शरणार्थी प्रकरण राष्ट्रिय अस्मितामाथि घात हो भन्दै यसका मूल दोषीमाथि कारबाहीको मागसहित देशव्यापी अभियान प्रारम्भ गरेको छ।

'नक्कली भूटानी शरणार्थी प्रकरणका मूल दोषीलाई कारबाही गर, सुशासनको प्रत्याभूति, आर्थिक पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर, मानव अधिकारमैत्री ऐन बनाऊ : सङ्क्रमणकालीन न्याय प्रक्रियालाई टुङ्गोमा पुऱ्याऊ' भन्ने आह्वानसहित समाजले सोमबार काठमाडौँको माइतीघरमा प्रदर्शन गरेको हो।

प्रदर्शनमा 'ठूला नेता मिलेका : अरब अरब निलेका', 'शीर्ष नेताको सम्पत्ति छानबिन गर', 'शीर्ष नेता भ्रष्ट छन् : नेपाली जनता त्रस्त छन्', भ्रष्टाचारको धमिराले देश खोक्रो भइसक्यो, भ्रष्टाचार हटाऊ : लोकतन्त्र बचाऊ, भ्रष्टाचारले लोकतन्त्रलाई कमजोर बनाउँछ, भ्रष्टाचार लोकतन्त्रका लागि सबैभन्दा ठूलो खतरा हो, लोकतन्त्रको सबैभन्दा ठूलो शत्रु : कुशासन र दण्डहीनता, नक्कली भूटानी शरणार्थी प्रकरणमा संलग्न शीर्ष नेताहरूसहित सबैलाई कारबाही गर लेखिएका प्लेकार्ड र ब्यानर प्रदर्शन गरिएको थियो।

एक घण्टासम्म भएको प्रदर्शनमा शान्ति समाजका संस्थापक सभापति कृष्ण पहाडीले प्रमुख दलका शीर्ष नेताको गलत आचरणका कारण लोकतन्त्र र देश सङ्कटमा पर्न थालेको बताउँदै प्रमुख दलका शीर्ष नेताको तत्काल सम्पत्ति छानबिन हुनुपर्नेमा जोड दिनुभयो।

प्रदर्शनमा पूर्वप्रमुख निर्वाचन आयुक्त भोजराज पोखरेल, प्रजातान्त्रिक विचार समाजका अध्यक्ष डा केदारनरसिंह केसी, शान्ति समाजका सभापति रामकृष्ण बराल, सल्लाहकार उत्तम पुडासैनीले मन्तव्य व्यक्त गर्नुभएको थियो।

कार्यक्रममा स्रष्टाहरू अर्जुन पराजुली, रामेश्वरी पन्त र धीरेन्द्र प्रेमर्षिले नक्कली भूटानी शरणार्थी प्रकरणका मूल दोषीलाई कारबाहीको माग गर्दै कविता प्रस्तुत गर्नुभएको थियो। प्रदर्शनमा सत्याग्रही डा गोविन्द केसी, शान्ति समाजका पूर्वसभापतिहरू होमकान्त चौलागाईं र डा गङ्गाधर अधिकारी, पदाधिकारी कृष्णबहादुर रावल, रामप्रसाद जोशी, चन्द्रमणि बञ्जारा, किरण ढकाल, नम्रता खरेल, दिवाकर पुडासैनी, अधिकारकर्मीहरू रत्नलक्ष्मी श्रेष्ठ, बलबहादुर गाहा मगर, जगन्नाथ पुडासैनी, विमल अर्याल, गीता तिमल्सिना, उमा गौतम, भगवान पुडासैनी, प्रमोद फुयाल, ईश्वर पुडासैनी, जयराम पुडासैनी, नानिकाजी गिरी, विकास थापा, रमेश बराल, रुपा गिरी, शर्मिला बोगटी, रोज विष्टसहितका अधिकारकर्मीको सहभागिता थियो।

# नक्कली भूटानी शरणार्थी प्रकरणको निष्पक्ष र स्वतन्त्र अनुसन्धान होस् : कांग्रेस

काठमाडौँ, २ जेठ (रासस)।

नेपाली कांग्रेसले नक्कली भूटानी शरणार्थी प्रकरणको अनुसन्धान निष्पक्ष र स्वतन्त्र हुनुपर्ने बताएको छ। साथै यस प्रकरणका कुनै पनि दोषी उम्कन नहुने र निर्दोष व्यक्ति फस्न नहुने कांग्रेसको भनाइ छ।

कांग्रेस प्रवक्ता एवं अर्थमन्त्री डा प्रकाशशरण महतले मंगलबार यहाँ पत्रकार सम्मेलन गरी सो प्रकरण बारेमा पार्टीको धारणा स्पष्ट पार्दै निष्पक्ष र स्वतन्त्र अनुसन्धानमा पार्टीले सहयोग गर्ने बताउनुभएको हो। उहाँले सामाजिक सञ्जाल र मिडिया ट्रायल गरेर कतिपय निर्दोष व्यक्तिलाई दोषी देखाउन प्रयत्न गरिएकोप्रति खेद प्रकट गर्नुभयो।

कांग्रेसका केन्द्रीय सदस्य एवं प्रतिनिधिसभा सदस्य डा आरजु राणा देउवाको सो प्रकरणमा कुनै पनि दोष नदेखिएको र प्रमाण पनि नरहेको अवस्थामासमेत सामाजिक सञ्जालमा फेक अडियो बनाएर केही व्यक्तिले उहाँको बदनाम गर्न खोजिरहेको कांग्रेसको भनाइ छ।

सांसद डा राणाले आफ्नो बदनाम गर्न फेक अडियो बनाउनेलाई काराबाहीका लागि प्रहरीसमक्ष निवेदनसमेत दिइसकेको जानकारी गराउँदै प्रवक्ता डा महतले भन्नुभयो, "उहाँले फेक अडियो बनाउनेलाई कारबाही गर्न उजुरी गर्नुभएको छ। तर अहिले सामाजिक सञ्जालबाट ट्रायल गरेर दोषी झैं व्यवहार भइरहेको छ। यसप्रति हाम्रो गम्भीर ध्यानाकर्षण भएको छ। अडियो झुटो हो।"

सोही प्रकरणको अनुसन्धानका क्रममा प्रहरी हिरासतमा पर्नुभएका कांग्रेस नेता बालकृष्ण खाणले आफू निर्दोष छु, सावित गर्छु, भनेकाले पार्टीले कारबाही नगरेको उहाँको भनाइ थियो। पार्टी सभापति शेरबहादुर देउवाले पनि सो प्रकरणमा निष्पक्ष र स्वतन्त्र अनुसन्धान हुनुपर्ने बताउँदै आउनुभएको प्रवक्ता डा महतले बताउनुभयो।

# भूटानी शरणार्थी प्रकरणका दोषीलाई कुनै हालतमा छाड्न हुँदैन : रास्वपा

काठमाडौँ, २ जेठ (रासस)।

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले भूटानी शरणार्थी प्रकरणमा संलग्न जोसुकै भए पनि कुनै पनि हालतमा छाड्न नहुने बताएको छ।

रास्वपाका महामन्त्री एवं प्रवक्ता डा मुकुल ढकालले सोमबार एक विज्ञप्ति जारी गरी भूटानी शरणार्थी प्रकरणमा संलग्न जोसुकै भए पनि कुनै हालतमा छाड्न नहुने बताउनुभएको हो। रास्वपाले भूटानी शरणार्थी प्रकरणका आरोपितको पासपोर्ट जफत गरी दोषीलाई कारबाही र पीडकलाई क्षतिपूर्ति दिलाउन सरकारसँग मागसमेत गरेको छ। उक्त प्रकरण सङ्गठित ठगी र राज्यविरुद्ध अपराध भएको रास्वपाले जनाएको छ।

"यो घटनाले विश्वसामु स्वाभिमानी नेपालीको शिर झुकाएको छ, यस प्रकरणमा संलग्न जोसुकै भए पनि कुनै पनि हालतमा छाड्न हुँदैन, उक्त घटनाका सम्बन्धमा हालसम्म सरकार र नेपाल प्रहरीले उठाएका कदमप्रति हाम्रो साथ, समर्थन रहेको छ", रास्वपाद्वारा जारी विज्ञप्तिमा भनिएको छ।

रास्वपाले उक्त घटना भ्रष्टाचारको मुद्दामात्र नभई एक सङ्गठित ठगी र राज्यविरुद्ध अपराध भएको बताएको छ। उक्त घटनालाई भ्रष्टाचारका रूपमा मात्र हेर्न नहुने प्रवक्ता डा ढकालले बताउनुभयो।

भूटानी शरणार्थी प्रकरणले अन्तर्राष्ट्रिय समुदायमा नेपाल र नेपालीको छविमा आँच पुऱ्याएको भन्दै उक्त प्रकरणका बहुआयामिक पक्षलाई केलाई अनुसन्धानलाई सोही ढङ्गले अगाडि बढाउन रास्वपाले सरकारसँग माग गरेको छ।

---

### *जेष्ठ नागरिकले ६ ...*

प्रयोगशालामा न्युनतम २५ रुँपैयादेखी अधिकतम ३ सय रुँपैयासम्म सर्वसाधारणका लागि शुल्क निर्धारण गरिएको छ।

ग्यास्ट्रीक साइटिस, एचसायोलोरी, लिक्युड प्रोफाइल र आरएफटी जाँचको ३ सय रुँपैया शुल्क निर्धारण गरिएको तथा दिसा, पिसाब, आरबिसी, मधुमेह लगायतको जाँच २५ रुँपैयामा मै गरिने नगरपालिकाका स्वास्थ्य शाखाका इन्चार्ज निरन्जन यादवले जानकारी दिए।

यसैबीच नगरपालिकाका कार्यवाहक प्रमुख इसरत परबिन र जिल्ला न्यायाधिश हेमन्त रावलले एक समारोहबीच प्रयोगशालाको संयुक्त रुपमा उद्घाटन गरेका छन्।

सेवा उद्घाटनको अवसरमा कार्यवाहक नगरप्रमुख परबिनले स्वास्थ्य उपचार सबैका लागि सहज बन्न सकोस् भन्ने उद्देश्यका साथ प्रयोगशाला स्थापन गर्न पाउँदा निकै खुशी लागेको बताइन्।

प्रयोगशालामा गरिब, असाहय तथा विपन्न समुदायका बिरामीलाई स्वास्थ्य जाँचमा सहुलियत पुग्ने विश्वास लिइएको छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics
(BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine
(NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# नक्कली भूटानी शरणार्थी प्रकरणमा सरकारजस्तो सुकै दबाब आए पनि झुक्दैन : उपप्रधानमन्त्री श्रेष्ठ

काठमाडौँ, २ जेठ (रासस) ।

उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठले समृद्धि यात्राको मुख्य बाधकका रूपमा रहेको भ्रष्टाचार र कुशासनलाई अन्त्य गर्न सरकार दृढता र निर्भिकतापूर्वक अघि बढेको बताउनुभएको छ ।

राज्यव्यवस्था तथा सुशासन समितिको मंगलबारको बैठकमा नक्कली भूटानी शरणार्थी प्रकरणका सन्दर्भमा भइरहेको अनुसन्धानबारे समितिका सदस्यले राखेको जिज्ञासमा उहाँले सो घटनामा संलग्न दोषीलाई कारबाही गर्न सरकार दृढ रहेको उल्लेख गर्नुभयो ।उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "अनुसन्धानमा कुनै पक्षपात हुने छैन, सरकार जस्तो सुकै दबाब आए पनि झुक्दैन । अनुसन्धानले जहाँसम्म आवश्यकता ठान्छ त्यहाँसम्म दृढतापूर्वक पुग्छ । सरकार दोषीलाई कारबाही गर्न दृढ छ ।"

नक्कली भूटानी शरणार्थी बनाउने घटनाको अनुसन्धानका लागि प्रहरीअहोरात्र खटिरहेको जानकारी दिँदै उहाँले अनुसन्धानका क्रममा प्रहरीलाई सुरुआतदेखि नै कुनै राजनीतिक दबाब वा अवाञ्छनीय प्रभावबाट मुक्त रहन कडा निर्देशन दिएको बताउनुभयो ।उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "कोही निर्दोष फस्ने काम नहोस् भनेर प्रारम्भदेखि नै सचेत हुन, कसैको सार्वजनिक छविमाथि अनावश्यक आशङ्का र क्षति पुग्न नपाओस् भनेर होसियार भएर प्रहरीले निष्ठापूर्वक र निष्पक्ष ढङ्गले अनुसन्धान अघि बढाएको छ ।"

अनुसन्धानका क्रममा प्रमाण र तथ्य देखापरेका आधारमा विभिन्न व्यक्तिलाई नियन्त्रणमा लिने र अनुसन्धानको प्रक्रिया अघि बढाइने प्रतिबद्धता जनाउँदै उहाँले अनुसन्धानले पुष्टि गरेका आधारमा कानुनको दायरामा ल्याइने प्रतिबद्धता व्यक्त गर्नुभयो । उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "संसद्मा सांसदले बाहिर नागरिक समाज र बुद्धिजीवी, राजनीतिक दलका कार्यकर्ता र जनसमुदायको ठूलो हिस्साले भ्रष्टाचार विरोधी अभियान चलाउनै पर्छ भनी व्यक्त गर्नुभएको विचार र अभियानप्रति आभार व्यक्त गर्छु ।"

भ्रष्टाचार र कमिसनको जालोले देशलाई बर्बादी गरेकाले त्यसको अन्त्य गर्न सरकार प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले सुशासन कायम गरी समृद्धि हासिल गर्ने वर्तमान सरकारको पहिलो कार्यभार रहेको स्पष्ट पार्नुभयो ।उपप्रधानमन्त्री श्रेष्ठले भन्नुभयो, "देश बनाउने हो भने दलगत राजनीतिक स्वार्थभन्दा माथि उठ्नु पर्छ, उठौं ।"

सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले प्रमुख प्रशासकीय अधिकृत रिक्त रहेका कतिपय स्थानीय तहमा यथाशीघ्र रूपमा पठाउन गृहकार्य भइरहेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मन्त्रालयबाट सरुवा भएर गएका अधिकृतलाई कतिपय स्थानीय तहले राजनीतिक आस्थाका कारण हाजिर नगराएर फर्काएका कारण पनि समस्यालाई समयमै सम्बोधन गर्न नसकिएको हो, जहाँ त्यस्तो समस्या छैन, त्यहाँ अधिकृत गएर काम गरिरहेकै छन् ।"

समितिका सदस्य गगनकुमार थापाले बैठकमा छलफल गर्ने विषय र समयपहिले नै निर्धारण गर्न तथा विधेयकलाई प्राथमिकताका साथ अघि बढाउने सन्दर्भमा आवश्यक परामर्श गर्न सानो टोली बनाएर काम गर्ने वातावरण बनाउन सुझाव प्रस्तुत गर्नुभयो ।

अर्का सदस्य हितराज पाण्डेले हाम्रो काम कारबाही र छलफलबाट जनताले के लाभ प्राप्त गरे र कस्तो परिणाम निस्कियो भन्ने पाटोबाट बहस हुनुपर्छ भन्नुभयो ।

समिति सदस्य रवि लामिछानेले यसअघिका समितिले भ्रष्टाचारका विषयमा गरेको अध्ययन र निर्देशनलाई ग्रहण गर्न सुझाव दिँदै समितिका निर्देशन सरकारले पालना अनिवार्य गर्नैपर्ने परिपाटी विकास गर्ने बाटोबाट अघि बढ्न आवश्यक रहेको बताउनुभयो ।

अर्का सदस्य रघुजीपन्तले समितिका कामकारबाहीलाई जति प्रभावकारी तुल्याउन सक्यो संसद् उत्तिनै क्रियाशील हुने भएकाले समितिले कार्यायोजना बनाएर काम गर्न सक्नुपर्छ भन्नुभयो ।

समितिका सदस्य विश्वप्रकाश शर्माले समितिका सदस्यले दलगत आग्रह र पूर्वाग्रहभन्दा माथि उठेर संयम, परिपक्वता र एकताका साथ राज्यलाई दबाब दिएर, साथमा लिएर तथा सहयोग पुऱ्याएर सुशासन एवम् समृद्धिका लागि काम गर्नु आवश्यक रहेको बताउनुभयो ।

बैठकमा सदस्यहरू दिलेन्द्रप्रसाद बडू, रामकुमार राई, डा चन्दा कार्की, हृदयराम थानी, सर्वेन्द्रनाथ शुक्ल, प्रकाश अधिकारी, ईश्वरी न्यौपाने, सरिता प्रसाईं, अम्बिका बस्नेतलगायतले कार्य जिम्मेवारीका हिसाबले महत्वपूर्ण समितिमार्फत जनता र राष्ट्रहितमा काम गर्न सुझाव दिनुभयो ।

यसअघि बैठकमा ज्येष्ठ सदस्य चित्रबहादुर केसीले समितिका सदस्यहरूलाई स्वागत गर्नुभयो । बैठकमा सदस्यको परिचयपछि समितिको कार्यक्षेत्रबारे जानकारी गराइयो । समितिको कार्यक्षेत्रभित्र प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय, रक्षा, गृह, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा लोक सेवा, अख्तियार दुरुपयोग अनुसन्धान र निर्वाचन आयोग पर्छन् ।

# मुकेश कायस्थलाई राष्ट्रिय सहिद घोषणा गर्ने निर्णय

काठमाडौँ, २ जेठ (रासस) ।

सरकारले मुकेश कायस्थलाई राष्ट्रिय सहिद घोषणा गर्ने निर्णय गरेको छ । सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले १७ वर्षदेखि जिउँदो सहिदका रूपमा चिनिएका कायस्थलाई सहिदको घोषणा गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले जानकारी दिनुभयो । कायस्थको गत बुधबार ३२ वर्षको उमेरमा निधन भएको थियो ।

आन्दोलनका क्रममा विसं २०६२ चैत २७ गते मुकेशको कञ्चटमा गोली लागेको थियो । सरकारले मुकेशको उपचार खर्च, रु १५ हजार मासिक भत्ता, एक सुसारेका लागि रु छ हजार दुई सय भत्ता र एक नर्स नियमित उपलब्ध गराउँदै आएको थियो ।

त्यसैगरी मंगलबारको मन्त्रिपरिषद्ले सिँचाइ मन्त्रालयको प्रस्तावमा नयाँ बुटवल-लमही ४०० केबी प्रसारण लाइनअन्तर्गत मोतीपुर सवस्टेशनको लागि वाणगङ्गा नगरपालिकामा १५ बिघा जग्गा प्राप्ति गर्ने र प्रारम्भिक कारबाही चलाउनको निम्ति अधिकारी तोक्ने निर्णय पनि गरेको छ ।

सरकारका प्रवक्ता शर्माले सरकारले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको प्रस्तावमा राष्ट्रिय योजना आयोग सदस्य डा जयकान्त राउत नेतृत्वको प्रतिनिधिमण्डललाई यही जेठ १ देखि ५ गतेसम्म थाइल्याण्डमा हुने स्क्यापको ७९औँ बैठकमा भाग लिन जान स्वीकृति दिने निर्णय भएको पनि जानकारी दिनुभयो ।

जुम्लाको जुम्ला विमानस्थलको धावनमार्ग विस्तार तथा टर्मिनल भवन निर्माणको निम्ति करिब एक सय ८३ दशमलव ८० रोपनी जग्गा प्राप्त गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणलाई स्वीकृत प्रदान गर्ने सरकारको निर्णय छ ।

जेठ ७ देखि १६ गतेसम्म स्वीट्जरल्याण्डको जेनेभामा आयोजित वर्ल्ड हेल्थ सम्मेलनमा भाग लिन स्वास्थ्यमन्त्रीलाई स्वीकृति दिने निर्णय गरिएको मन्त्री शर्माले जानकारी दिनुभयो । पत्रकारको प्रश्नमा मन्त्री शर्माले भन्नुभयो, "नागरिकताको विषय सरकारको हतारको विषयभन्दा पनि आमनागरिक र जनताको विषय हो, आजसम्म नागरिकता नपाउँदा कयौँ समस्या पैदा भएको छ, मानिसको जीवनसँग जोडिएका विषयलाई सरकारले छिटोभन्दा छिटो टुङ्गाउने पक्षमा छ ।" उहाँले प्रधानमन्त्रीको भारत भ्रमणलाई नागरिकता विधेयकसँग जोडेर नहेर्नसमेत आग्रह गर्नुभयो ।


## हावाहुरीको मौसममा आगलागीबाट जोगिन सर्वसाधारणलाई स्थानीय विपद जोखिम न्यूनिकरण समितिको अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पूरै सावधानी अपनाउने गरौं र चुल्हो नजिक एक जना अनिवार्य बस्ने बानी बसालौं ।
- दिउँसोको समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गर्ने गरौं ।
- सलाई, लाइटर, मट्टितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानी २४सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहिँ आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोत गर्ने गरौं ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौं र बारुणयन्त्रलाई पोखरीबाट पानी भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीँ कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यालयको कन्ट्रोलको नम्बर ९८५२८९०२७० वा १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पत्तिमाथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसँग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

**अनुरोधकर्ता**
**सप्तकोशी नगरपालिका, सप्तरी**


# विश्व समाचार

## आईएमएफद्वारा आर्थिक सुधार गरेकामा श्रीलङ्काको प्रशंसा

कोलम्बो, २ जेठ, (रासस/सिन्ह्वा) ।

अन्तरराष्ट्रिय मुद्रा कोष (आईएमएफ)ले सोमबार श्रीलङ्काको आर्थिक सुधारमा भएको प्रगतिको प्रशंसा गरेको छ । पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै आईएमएफ एसिया र प्यासिफिक विभागका निर्देशक कृष्ण श्रीनिवासनले विस्तारित कोष सुविधा (ईएफएफ) व्यवस्था अन्तर्गत समर्थित सुधार कार्यक्रम बलियो नीतिगत उपायमा निर्मित र पाँच प्रमुख स्तम्भलाई प्राथमिकतामा राखिएको भन्दै श्रीलङ्काले यसको कार्यान्वयन शुरु गरिसकेको बताउनुभएको छ ।

सरकार र श्रीलङ्काली जनताको बलियो स्वामित्वमा सुधारको गतिलाई अझ व्यापकरूपमा जारी राख्न आवश्यक रहेको पनि उहाँको टिप्पणी छ । उहाँले सुधारबाट प्राप्त कठिन लाभ श्रीलङ्काका जनतालाई फाइदा पुग्ने किसिमका रहेको, त्यसको सुदृण गर्दै भ्रष्टाचार विरोधी र शासन सुधार आवश्यक रहेको उल्लेख गर्नुभएको छ ।

आईएमएफका अनुसार श्रीलङ्का एसियाको पहिलो देश हो जसले आईएमएफ गभर्नेन्स डायग्नोस्टिक अभ्यास गरेको छ । आईएमएफ गभर्नेन्स डायग्नोस्टिक प्रतिवेदन यस वर्ष सेप्टेम्बर सम्म प्रकाशित हुने अपेक्षा गरिएको छ । मिसनले मार्चमा कोलम्बोको भ्रमण गरेको थियो र यस महत्वपूर्ण सुधार क्षेत्रमा सरोकारवाला र नागरिक समाजसँग नजिक रहेर काम गरेको छ ।

आईएमएफले यस वर्ष मार्चमा श्रीलङ्काको आर्थिक नीति र सुधारलाई समर्थन गर्न करिब तीन अर्ब अमेरिकी डलरको इएफएफ अन्तर्गत ४८ महिनाको विस्तारित अर्ततन्त्र सुधार व्यवस्थालाई अनुमोदन गरेको थियो ।

## केन्याले सोमालियासँगको सीमा ३० दिनभित्र खोल्ने

नैरोबी, २ जेठ (रासस/सिन्ह्वा) ।

केन्या र सोमालियाले ११ वर्षदेखि बन्द रहेको आफ्नो सीमा नाका पुनःखोल्न सोमबार सहमत भएका छन् ।

आन्तरिक र राष्ट्रिय प्रशासन मन्त्रालयका क्याबिनेट सचिव किथुरे किन्डिकीले पत्रकारलाई दिएको जानकारी हनुसार मन्डेरा काउन्टीका सीमाना आगामी ३० दिनभित्र खोलिनेछ । त्यसैगरी गारिसा काउन्टीको लिबोई र दक्षिणी सोमालियाको रास कम्बोनी अर्को ६० दिनभित्र खोलिनेछ । त्यसैगरी अन्य नाकाहरी पनि क्रमशःखोलिनेछ ।

सोमालियाका आन्तरिक सुरक्षा मन्त्री मोहम्मद अहमद शेख अलीसँग द्विपक्षीय वार्ता गरेपछि किन्डिकीले भन्नु भएको छ, "हामी सोमालियामा प्रवेश गर्ने अर्को सीमाना खोल्ने सम्भावनालाई पनि पुनर्विचार गर्ने प्रक्रियामा छौं ।"

केन्याले सन् २०१२ मा अल-शबाब आतङ्कवादी समूहबाट बढेको आतङ्ककारी हमलापछि सोमालियासँगको आफ्नो सीमा बन्द गरेको थियो । जनताको आवतजावतलाई सहज बनाउन र वस्तु तथा सेवाको व्यापार बढाउन दुवै देशबीच साझा सीमा पुनःखोल्ने सहमति भएको अलीले बताउनुभएको छ । साझा सिमानाका आसपासका समुदायले भोग्नुपरेको चुनौती एउटै देशले सम्बोधन गर्न नसक्ने गरी जटिल रहेको पनि उहाँले बताउनुभएको छ ।

## अमेरिकाको न्यु मेक्सिकोमा १८ वर्षे किशोरद्वारा तीन जनाको हत्या

फार्मिङ्टन, २ जेठ (रासस/एएनआई) ।

अठार वर्षीय बन्दुकधारीले युवकले सोमबार यहाँस्तित गिर्जाघर बाहिर गोली हानेर तीन जनाको हत्या गरेका छन् ।

गोली लागेर दुई प्रहरी अधिकारीसहित अन्य केही व्यक्ति घाइते भएको अल जजीराले उल्लेख गरेको छ । गोली हान्ने ती युवकलाई प्रहरीले गोली हानी मारेको छ ।

अल जजीराका अनुसार न्यु मेक्सिकोको फार्मिङ्टनको आवासीय क्षेत्रमा सोमबार गोली हानाहान गर्ने किशोर बन्दुकधारीले दुई प्रहरीसहित धेरै व्यक्ति घाइते भएको प्रहरीले बताएको छ ।

सो घटनाबाट अन्य थुप्रै नागरिक पीडित भएको फार्मिंग्टन प्रहरीले फेसबुकमार्फत जानकारी दिँदै एकजना संदिग्धलाई घटनास्थलमै गोली हानी मारेको बताएको छ । यसैबीच फार्मिङ्टनमा भएको गोलीकाण्डपछि शहरभरका विद्यालय बन्द गरिएको प्रहरीले जनाएको छ ।

बिहान ११ बजे गोली चलेको खबर आएपछि आसपासका विद्यालयमा विद्यार्थिलाई विद्यालयमै सुरक्षित राखिएको थियो । शहरको प्रहरी विभागले फेसबुक पोस्टमा भनेको छ, कम्तिमा तीन जना सर्वसाधारणको हत्या भएको थियो र संदिग्धलाई मारिएको छ । घाइतेको सान जुआन क्षेत्रीय मेडिकल सेन्टरमा उपचार भइरहेको छ ।

प्रहरीले मारिएका र घाइते भएकाको नाम सार्वजनिक गरेको छैन । घटना बारे विस्तृत विवरण पनि सार्वजनिक गरिएको छैन । गम्भीर अनुसन्धान भइरहेको मात्र उल्लेख गरुएको छ ।

# काम बढी भएको मन्त्रालयमा बजेट कम भयो : मन्त्री आचार्य

काठमाडौँ, २ जेठ (रासस)।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री सुरेन्द्रराज आचार्यले काम बढी हुने क्षेत्रमा बजेट कम विनियोजन हुने गरेको गुनासो गर्नुभएको छ।

महिला तथा सामाजिक मामिला समितिको मंगलबार बसेको पहिलो बैठकमा मन्त्री आर्चायले भन्नुभयो, "मन्त्रालय अन्तर्गत गर्नुपर्ने काम धेरै छन् तर बजेट भने न्यून विनियोजन हुने गरेको छ। मानवीय संवेदनशीलताको कार्यक्षेत्र बढी भएको मन्त्रालयमा बजेट बढाउन जरुरी छ।"

विगतमा समितिले गरेका निर्णय अध्ययन गरी प्राथमिकताका क्षेत्र विभाजन गर्दै कार्यान्वयन गर्नुपर्ने भन्दै उहाँले संविधानमा उल्लेखित महिला, बालबालिका तथा ज्येष्ठ नागरिकसम्बन्धी हकअधिकारलाई कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो।

बैठकमा समिति सदस्यहरूले महिला, बालबालिका, ज्येष्ठ नागरिकका मौलिक हकको कार्यान्वयन गर्नुपर्ने, सम्बन्धित आयोगका कार्यको मूल्याङ्कन गर्नुपर्नेमा जोड दिनुभयो।

साथै मंगलबारको बैठकमा बालबालिका पोषण कार्यक्रममा एकरुपता ल्याउनुपर्ने, एकल महिलाको अध्ययन गरी रोजगारीमा उन्मुख गराउनुपर्ने, दोहोरो सुविधा नलिने गरी वृद्धभत्तामा हेरफेर गर्नुपर्ने, समितिका निर्णयलाई कार्यन्वयन गरी नतिजामुखी बनाउनुपर्ने लगायतका विषयमाथि छलफल भएको थियो।

ज्येष्ठ सदस्य रोशन कार्कीको सभापतित्वमा सञ्चालन भएको बैठक महिला आयोग, दलित आयोग, समावेशी आयोगका भएका कामकारबाहीको समीक्षा, खर्च गरिएका विवरण, भावी कार्यक्रमको सम्भावित बजेटलगायतका विषयमा केन्द्रित थियो।

समितिको कार्यक्षेत्रमा महिला, बालबालिक, तथा ज्येष्ठ नागरिक मन्त्रालय, राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग, राष्ट्रिय समावेशी आयोग, आदिवासी जनजाति आयोग, मधेशी आयोग, थारु आयोग, मुस्लिम आयोग, सामाजिक सुरक्षा, समावेशीता तथा सीमान्तकृत वर्ग समुदायको हकहितसम्बन्धी विषय र सम्बद्ध विषय तथा निकाय रहेको छ।

# सर्वोच्चको फैसला : टीकापुर हत्याकाण्डका चौधरी दोषी ठहर

काठमाडौँ, २ जेठ (रासस)।

सर्वोच्च अदालतले टीकापुर हत्याकाण्डमा जन्मकैदको सजाय भोगिरहेका रेशम चौधरीलाई उच्च अदालत दिपायलकै फैसला सदर गर्दै दोषी ठहर गरेको छ।

न्यायाधीशद्वय डा आनन्दमोहन भट्टराई र नहकुल सुवेदीको संयुक्त इजलासले मंगलबार दोषी ठहर हुने फैसला गरेको हो। जन्मकैदको फैसलाविरुद्ध चौधरीले सर्वोच्च अदालतमा पुनरावेदन दिएका थिए। उक्त पुनरावेदनमाथि सुनुवाइपछि सफाइ दिन नपर्ने फैसला उल्लेख गर्दै उक्त आदेश गरेको हो।

अर्का प्रतिवादी लक्ष्मण थारूलाई उच्च दिपायलले ठहर गरेको पाँच वर्ष कैद सजायलाई घटाएर तीन वर्ष सजाय ठहर गरेको जिल्ला अदालत कैलालीकै फैसला सदर गरेको छ।

नागरिक उन्मुक्ति पार्टी सञ्चालन गर्दै चौधरीसहितका टीकापुर घटनामा संलग्नलाई माफी दिनुपर्ने मागका कारण सरकारले नयाँ विधेयक संसद्मा दर्ता गराएको थियो। उक्त विधेयक संसद्बाट पास हुनुअघि नै अदालतले दोषी ठहर हुने फैसला गरेको छ।

उक्त घटनामा जेल सजाय भोगिरहेका गङ्गाराम चौधरी र सीताराम चौधरीले भने सफाइ पाएका छन्।

# राष्ट्रिय परीक्षा बोर्डद्वारा तीन केन्द्राध्यक्षलाई कारबाही

काठमाडौँ, २ जेठ (रासस)।

राष्ट्रिय परीक्षा बोर्डले कक्षा १२ को वार्षिक परीक्षामा मर्यादाविपरीत कार्य गर्ने तीन केन्द्राध्यक्षलाई कारबाही गरेको छ। उक्त बोर्डले एक सूचना जारी गरी गत वैशाख २९ र ३१ गते सञ्चालन गरेको परीक्षामा मर्यादाविपरीत कार्य गरिएकाले एक जनालाई बर्खास्त गरिएको र अन्य दुई जनालाई सचेत गराएर छाडिएको जनाएको छ।

काठमाडौँको मित्रपार्कस्थित टेक्सास इमावि परीक्षा केन्द्रमा मर्यादाविपरीत कार्य गर्ने केन्द्राध्यक्षलाई बर्खास्त गरिएको र मित्रपार्ककै कैलाशकुट बहुमुखी क्याम्पस तथा बौद्धस्थित कुमारी आवासीय माविका केन्द्राध्यक्षलाई परीक्षाको उचित वातावरण कायम गर्न नसकेको भन्दै सचेत गराएको जनाइएको छ।

कक्षा १२ को वार्षिक परीक्षा गत वैशाख २६ गतेदेखि सञ्चालन भइरहेको छ। मोबाइलमार्फत प्रश्नपत्र खिचेर बाहिर पठाउने र त्यहीँबाट उत्तर लेखेर पठाउने गरिएको भन्दै विभिन्न ठाउँबाट सूचना सार्वजनिक भइरहेका छन्। सामाजिक सञ्जालमा अनधिकृत आइडी तथा पेज सिर्जना गरी गलत तथा भ्रमपूर्ण सूचनासमेत प्रवाह भइरहेको बोर्डले जनाएको छ। यस्तो भ्रम फैलाउने कार्य नगर्नसमेत सबैलाई बोर्डले उक्त सूचनामार्फत सचेत गराएको छ।

"राजविराज शहर, समृद्ध-हरित नगर"

## राजविराज नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

राजविराज, सप्तरी

मधेश प्रदेश, नेपाल

पत्र संख्या : २०७९/०८०
चलानी नम्बर :

मिति: २०८०/०२/०३

**गरिब परिवार पहिचान कार्यक्रम अन्तर्गत गुनासो सुनुवाई कार्यक्रम सूचना।**

राजविराज नगरपालिकासँगको समन्वय र सहकार्यमा संवत् २०७८ सालमा गणकहरु मार्फत् गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत सङ्कलन गरिएको तथ्याङ्क तथा सूचकको आधारमा गरिब परिवार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम अन्तर्गत गुनासो सुनुवाई मार्गदर्शन, २०७८ को दफा २ (ख) र (ग) बमोजिम सम्बन्धित सबैको जानकारीका लागि प्रारम्भिक सूची सार्वजनिक गरिएको छ। प्रारम्भिक सूची तथा थप जानकारी यस कार्यालयको वेबसाईट www.rajbirajmun.gov.np, सूचना पाटी तथा वडा कार्यालयमा मा समेत हेर्न सकिनेछ।

प्रकाशित सूची उपर सम्बन्धित परिवार वा अन्य कसैको गुनासो भएमा पर्याप्त आधार र कारण खोली तोकीएको स्थानबाट निवेदन दिने अनुसूची प्राप्त गरि गुनासो दर्ता गर्नु/गराउनु हुन सूचित गरिन्छ।

<u>निवेदन दिने अन्तिम मिति र स्थान</u>

सूचना प्रकाशन भएको मितिले १५ दिन (२०८० साल जेष्ठ १७ गते कार्यालय समय) भित्र।
नगर कार्यपालिकाको कार्यालय, राजविराज, ससरी कोठा नं. २०५ मा गुनासो सुनुवाई अधिकारी समक्ष निवेदन दिनुपर्नेछ।

थप जानकारीका लागि गुनासो सुनवाइ अधिकारीहरु:
सुरेश कुमार यादव – सूचना प्रविधि अधिकृत -९८४१९६९०९०
ज्योतिष कुमार यादव – रोजगार संयोजक -९८५२८२११८४


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**खेतीयोग्य जमिनमा बस्ती नबसालौं।**

- खेतियोग्य जमिनमा बसोबास नगरौं/नगराऔं,
- हरियाली बातावरणसहितको नमूना बस्तीको विकास गरौं,
- सिंचाई सुविधामा बाधा नपुग्ने गरी बस्ती बसाऔं,
- गाउँ बस्तीलाई नमूना बस्तीमा रुपान्तरण गरौं,
- समृद्ध नेपालको निर्माण गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।

हाम्रो सेवाहरु →

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer – प्रभुको इच्छा – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**नेपाल सहकारी संस्था लि.**

राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*